# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घर्तिगाउँ, रोल्पा
## लुम्बिनी प्रदेश, नेपाल

**सेवा करार कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०७७/०७/२६

यस माडी गाउँपालिकाको गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आ.व २०७७/०७८ को लागि तपसिल बमोजिमको पदमा खुल्ला प्रतियोगिता मार्फत करारमा कर्मचारी नियूक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेको इच्छुक नेपाली नगरीकहरूले आफ्नो नागरीकताको प्रमाणपत्र प्रतिलिपी शैक्षिक योग्यता तथा अनुभवका प्रमाणपत्रका प्रतिलिपी संलग्न राखि गाउँपालिकाले तोकेको ढाँचामा दरखास्त फारम भरी यस गाउँपालिकाको कार्यालय माडी गाउँपालिका, २ घर्तिगाउँ, रोल्पामा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रित पूवर्क दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका दरखास्त फारमहरू मान्य हुने छैन ।

**तपसिल :**

| विज्ञापन नं | पद | पद संख्या |
|---|---|---|
| ३ | उद्यम विकास सहजकर्ता | २ |

**१) आवश्यक न्यूनतम योग्यता :**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट उद्यम सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ तह उतिर्ण गरेको वा उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परिक्षा (TSLC) उत्तिर्ण गरेको ।

**२) आवश्यक कागजातहरू :**

क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी ।

ख) २ प्रति पासपोर्ट साइजको फोटो ।

ग) शैक्षिक योग्यताको प्रतिलिपीहरू ।

घ) अनुभव भए अनुभवको प्रमाणपत्रहरूको प्रतिलिपी ।

**३) दरखास्तको माध्यम** : ईच्छुक आवेदकले तोकिएको परिक्षा दस्तुर रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल बैंक लिमिटेड, घर्तिगाउँ शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं.१६५०३०००००१००१०००००१ मा रकम जम्मा गरेको सक्कल भौचर सहित तोकिएको मितिमा आवश्यक कागजात प्रमाणपत्रहरूको स्वयंद्धारा प्रमाणित प्रतिलिपीहरू साथ राखि रित पूर्वक आवेदन फारम भरि यस माडी गाउँपालिकाको प्रशासन शाखामा आवेदन दिनु पर्नेछ ।

**४) उमेदवारको उमेर हदः** पुरूषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**५) दरखास्त दिने अन्तिम मिति** : २०७७/०८/११गते कार्यालय समय भित्र उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन ।

**६) दरखास्त दिने स्थान** : माडी गाउँपालिकाको कार्यालय, घर्तिगाउँ, रोल्पा ।

**७) तलब भत्ता** : गाउँपालिकाको नियमानुसार ।

**८) दरखास्त दस्तुर** : रू ३००/- ( रू तिन सय मात्र) ।

**९) पदपूर्तिको किसिम** : लिखित र अर्न्तवार्ता ।

**१०) सर्म्पक मिति** : दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट उक्त दिन बिदा भएमा त्यसपछिको कार्यालय खुल्ने दिन ।

**११) परिक्षा हुने मिति र समय** : सर्म्पक मितिको दिन तोकिनेछ ।

**नोटः-** आवेदन फारम माडी गाउँपालिकाको कार्यालय वा madimunrolpa.gov.np बाट प्राप्त गर्न सकिनेछ । सूचनामा उल्लेख भए बाहेकका अन्य विषय कार्यालयको निर्णय बमोजिम हुनेछ ।